नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो
भोटाहिटी, काठमाडौं

आ.व.: (२०८२/८३)
प्रेस विज्ञप्ति नं.: २८

मिति: २०८३ असार २९ गते ।
ने.सं. ११४६

## सामाजिक सञ्जाल मार्फत महिलाको चरित्र हत्या गर्ने नेपाली र विदेशी नागरिक पक्राउ ।

पीडित महिलाको अश्लिल भिडियो/तस्विर दुरुपयोग गरी BlackMail गर्नु का साथै दुःख हैरानी दिई अनुचित लाभका लागि बारम्बार दबाब दिएको । पीडकको अभीष्ट पुरा नभए पश्चात् उक्त अश्लिल भिडियो /तस्विर सामाजिक सञ्जाल TikTok मा अपलोड गरी चरित्र हत्या गर्ने कार्यमा संलग्न देश भारत गुहाटी मदनपुर आसाम (MADANPUR ASSAM GUWAHATI) बस्ने वर्ष २६ को जावरुल हक खुल्न आएकोले निजलाई यस ब्यूरोको टोलीले मिति २०८३/०३/२६ गते जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. २७ बाट पक्राउ गरी बिद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा सम्मानित काठमाडौं जिल्ला अदालत बाट दिन ५ (पाँच) म्याद थप भई अनुसन्धान कार्य भइरहेको ।

त्यसैगरी, अध्ययनको सिलसिलामा चिनजान भई साथी बनी प्रेम सम्बन्धमा समेत रहेको र सम्बन्ध छुटेपश्चात पीडकले बारम्बार चरित्रहत्या गर्ने उद्देश्यले निजकै फेसबुक आईडी मार्फत अश्लिल सामग्रीहरु पोष्ट गरी दुःख हैरानी, मानसिक तनाव दिने कार्य गर्ने जिल्ला ओखलढुङ्गा, चम्पादेवी गाउँपालिका वडा नं. ६ स्थायी वतन भई हाल काठमाडौं बस्ने, बर्ष २४ को सरोज कार्कीलाई ब्यूरोको टोलीले मिति २०८३/०३/२६ गते काठमाडौं बाट पक्राउ गरी बिद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा सम्मानित काठमाडौं जिल्ला अदालत बाट दिन ५ (पाँच) म्याद थप भई अनुसन्धान कार्य भइरहेको ।

.............................................
प्रहरी उपरीक्षक
(दिलीप कुमार गिरी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं.९८५१२८६७७२